E-mail: talkot.gaupalika@gmail.com
ito.muntalkot@gmail.com
Website: talkotmun.gov.np

# तलकोट गाउँपालिका

Talkot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

तलकोट, बझाङ्ग
Talkot, Bajhang

सुदूरपश्चिम प्रदेश,नेपाल
Sudurpashchim Province, Nepal

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/०१)

तलकोट गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अन्तर्गत सन्चालन हुने क्रियाकलापहरु कृषि, वन व्यवस्थापन, जलवायु विपद व्यवस्थापन, जीविकोपार्जन, खानेपानी सरसफाइ तथा स्वच्छता, सिचाइ पुर्वाधार निर्माण तथा सामाजिक परिचालन आदी सम्बन्धी कार्यहरुमा सहजीकरण गर्न गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पदहरूका लागि तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रीत पूर्वक तपसिल बमोजिमका कागजातहरू संलग्न गरि यस गाउँपालिका पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।
वैयक्तिक विवरण साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- तोकिएको ढाँचामा तयार गरिएको वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्यअनुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- दरखास्त दस्तुर बापतको रकम बैंक दाखिला गरि सो को सक्कल भौचर

**तपसिलः**

**क) आवश्यक पदहरू र न्यूनतम योग्यता:**

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०१-०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौ तह / १ जना | गाउँकार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |

E-mail: talkot.gaupalika@gmail.com
ito.muntalkot@gmail.com
Website: talkotmun.gov.np

# तलकोट गाउँपालिका

Talkot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

तलकोट, बझाङ्ग

Talkot, Bajhang

सुदूरपश्चिम प्रदेश,नेपाल

Sudurpashchim Province, Nepal

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०२-०८२/८३ | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता | सहायक पाँचौ तह / १ जना | गाउँकार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वन विषयमा प्रविणता डिप्लोमा उतीर्ण गरि कृषि वा वन तथा कृषि वन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमा तथा कार्यान्वयनमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त |
| ०३-०८२/८३ | असिस्टेन्ट सव इन्जिनियर/जल स्रोत प्राविधिक | सहायक चौथो तह / केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटे तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा दुई वर्षको अनुभव। |
| ०४-०८२/८३ | सामाजिक परिचालक | सहायक चौथो तह / केहि | वडा कार्यालय वा योजना क्षेत्र | एस. ई. ई./एस. एल. सी. वा सो सरह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन, योजना तर्जुमा आदिमा कम्तीमा दुई वर्षको अनुभव। |

नोट: तह/संख्या महलमा केहि उल्लेख भएको पदको हकमा बजेटको सुनिश्चितता र परियोजनाको आवश्यकताका आधारमा पहिचान गरिनेछ।

**ख) अन्य विवरण:**

- यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र वैयक्तिक विवरण तलकोट गाउँपालिका कार्यालय, तलकोट बझाङमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम

दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।

- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्ष कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादन मुल्यांकनको आधारमा नवीकरण हुनेगरी) नियुक्त गरिनेछन् ।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातीय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँकार्यपालिकाले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ । लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न गाउँपालिकाको वेभ पेज www.talkotmun.gov.np तथा परियोजना सहयोग एकाईको वेभ पेज www.laccp.org.np बाट प्राप्त गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तर छैटौ तहको लागि रु. १५००/-(अक्षेरुपी एक हजार पाच सय मात्र), सहायक स्तर पाँचौ तहको लागि रु. १०००/-(अक्षेरुपी एक हजार मात्र) र सहायक स्तर चौथो तहको लागि रु. ८००/-(अक्षेरुपी आठ सय मात्र) । दरखास्त दस्तुर तलकोट गाउँपालिकाको एभरेस्ट बैंक लिमिटेड, तलकोट शाखामा रहेको ग.१.१ तलकोट गाउपालिका आन्तरिक राजश्व खाता नं. ०७९००१०६२००००४ (राजश्व शिर्षक नं. १४२२९ विविध आय) मा बैंक दाखिला गरि सोको सक्कल भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर आवेदनका साथ अनिवार्य पेश गर्नुपर्ने छ ।

प्रमुख प्रशासकिय अधिकृत